नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
## भक्तपुर

पत्र संख्या:- ०७६/७७
चलानी नं.:-६३५८

मिति: २०७७।०३।२३

श्री गृह मन्त्रालय,
(शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा ), सिंहदरवार ।
National Emergency Operation Center (NEOC), सिंहदरवार ।
श्री कोभिड-१९ संकट व्यवस्थापन केन्द्र, छाउनी ।
श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय, बाग्मती प्रदेश, हेटौडा ।

विषय:- दैनिक जाहेरी ।

आज मिति २०७७/०३/२३ गते भक्तपुर जिल्लामा कोरोनाको रोकथाम, नियन्त्रण र पूर्वतयारीको सम्बन्धमा देहायअनुसार भएका कार्य तथा अवस्थाको विवरण पठाइएको व्यहोरा अनुरोध छ ।

१. जिल्लास्तरीय संकट व्यवस्थापन केन्द्र (DCCMC), भक्तपुरले हालको अवस्था र स्थितिको सम्बन्धमा आवश्यक समन्वय, निर्देशन गरिरहेको ।
२. आज भक्तपुर जिल्लाका नगर प्रमुखहरू लगायतको उपस्थितिमा जिल्लास्तरीय संकट व्यवस्थापन केन्द्र (DCCMC), भक्तपुरको बैठक बसी बिभिन्न निर्णयहरू भएको ।(निर्णयप्रति संलग्न छ) ।
३. मिति २०७७।०३।२२ गते भक्तपुर जिल्लामा भेटिएका संक्रमितहरू बस्ने स्थान लगायत वरिपरिका क्षेत्रहरू पूर्ण रुपमा सिल गरी कन्ट्याक्ट ट्रेसिङको कार्यहरू भईरहेको ।
४. मिति २०७७।०३।२२ गते विभिन्न देशबाट स्वदेश फर्किएका व्यक्तिहरू मध्ये प्रदेश १ को २३७ जना, प्रदेश २ को १९७ जना र वागमति प्रदेशको २२ जनालाई होल्डिङ्ग सेन्टरमा ल्याइ सम्बन्धित स्थानीय तहमा पठाइएको ।
५. कोरोना संक्रमणको जोखिम रोकथाम, नियन्त्रणका लागि अस्पतालहरुमा दैनिक रुपमा चेकजाँच भइरहेको । भक्तपुर अस्पताल (कोभिड-१९ हब अस्पताल) बाट आज PCR परीक्षणका लागि २ जनाको स्वाव संकलन भएको । RDT परीक्षण नभएको । आजसम्म १९१३ जनाको परीक्षण गरिएको (PCR १०७५, RDT ८३८), २५ जनाको रिपोर्ट आउन बाँकी बाहेक हालसम्म ११ जना (४ जना महिला र ७ जना पुरुष) को PCR रिपोर्ट पोजेटिभ आएको, १ जना महिलाको RDT रिपोर्ट पोजेटिभ आएको अन्य सवैको रिपोर्ट नेगेटिभ आएको, आइसोलेसनमा १ जना रहेको।
६. गृह मन्त्रालयबाट विभिन्न मितिमा प्राप्त निर्देशनलाई कडाइका साथ कार्यान्वयन गरिएको । जिल्लाको शान्ति सुरक्षा स्थिति सामान्य रहेको छ ।

(यज्ञसज जोशी)
प्रशासकीय अधिकृत

मिति २०७७।०३।२३ गते श्रीमान प्र.जि.अ. हुमकला पाण्डेज्यूको संयोजकत्वमा तथा जिल्ला समन्वय समिति भक्तपुरका अध्यक्ष श्री नवराज गेलाललगायत देहायका महानुभावहरुको उपस्थितिमा जिल्लास्तरीय कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) भक्तपुरको २३ औं बैठक बसि देहाय अनुसार छलफल र निर्णय गरियो।

उपस्थिति:

सल्लाहकार(DCCMC) - अध्यक्ष श्री नवराज गेलाल, जिल्ला समन्वय समिति, भक्तपुर

बिशेष आमन्त्रित

१. नगर प्रमुख श्री सुनिल प्रजापति, भक्तपुर नगरपालिका
२. नगर प्रमुख श्री बासुदेव थापा, सुर्यविनायक नगरपालिका
३. नगर प्रमुख श्री मदन सुन्दर श्रेष्ठ, मध्यपुर थिमी नगरपालिका
४. नगर प्रमुख श्री सोमप्रसाद मिश्र, चाँगुनारायण नगरपालिका
५. नगर उपप्रमुख श्री जुना बस्नेत, सुर्य बिनायक नगरपालिका

जिल्लास्तरीय कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) का पदाधिकारिहरू:

१. प्रमुख जिल्ला अधिकारी श्री हुमकला पाण्डे, जिल्ला प्रशासन कार्यालय, भक्तपुर
२. जिल्ला समन्वय अधिकारी श्री जगन्ननाथ लामिछाने , जिल्ला समन्वय समितिको कार्यालय, भक्तपुर
३. प्रमुख सेनानी श्री शिव प्रसाद पौडेल, वीरदल गण सूर्यविनायक व्यारेक, भक्तपुर
४. प्रहरी उपरिक्षक श्री तारादेवी थापा, महानगरीय प्रहरी परिसर, भक्तपुर
५. सशस्त्र प्रहरी उपरिक्षक श्री विश्वकुमार भट्टराई, सशस्त्र प्रहरी बल नेपाल २२ नं गण, भक्तपुर
६. उप अनुसन्धान निर्देशक श्री सुरेन्द्र कोइराला, रा.अ.वि.जिल्ला कार्यालय, भक्तपुर
७. सहायक प्रमुख जिल्ला अधिकारी श्री दुर्गादत्त ढकाल, जिल्ला प्रशासन कार्यालय, भक्तपुर
८. मे.सु. श्री सुमित्रा गौतम, भक्तपुर अस्पताल, भक्तपुर
९. कार्यालय प्रमुख श्री कृष्णबहादुर मिजार, स्वास्थ्य कार्यालय, भक्तपुर – स्थायी आमन्त्रित
१०. प्रमुख श्री मनोज थापा, नेपाल रेडक्रस सोसाइटी, भक्तपुर – स्थायी आमन्त्रित

आमन्त्रित:

१. प्रमुख प्रशासकीय अधिकृत श्री ईन्द्र बस्याल, भक्तपुर नगरपालिकाको कार्यालय, भक्तपुर
२. प्रमुख प्रशासकीय अधिकृत श्री चिरन्जिवी तिमिल्सिना, चाँगुनारायण नगरपालिकाको कार्यालय, भक्तपुर
३. प्रमुख प्रशासकीय अधिकृत श्री उद्धब रिजाल, मध्यपुरथिमी नगरपालिकाको कार्यालय, भक्तपुर
४. प्रमुख प्रशासकीय अधिकृत श्री कमल ज्ञावली, सूर्यविनायक नगरपालिकाको कार्यालय, भक्तपुर
५. वडा अध्यक्ष चाँगुनारायण न.पा.वडा ३
६. पर्यटन अधिकृत (क्वारेन्टाईन व्यवस्थापन समिति, प्रमुख) गौतम प्र. लामिछाने
७. म.न.पा. क्वारेन्टाइन समिति, कर्मचारी हरिकृष्ण दुवाल
८. भगीरथ अधिकारी स्वास्थ्य शाखा प्रमुख मध्यपुरथिमि न.पा
९. न.पा. वडा अध्यक्ष उद्धिराज [illegible]

छलफलका विषयहरु

१. होटल क्वारेन्टिन सम्बन्धमा।

२. सवारी पास सम्बन्धमा।

३. होल्डिङ सेन्टर सम्बन्धमा।

४. टेस्टिङ्ग गाईडलाईन सम्बन्धमा।

५. विविध।

निर्णयः

१. विदेशबाट नेपाल आउने व्यक्तिहरूलाई क्वारेन्टिनमा पठाउदा होटलमा सुरक्षा र स्वास्थ्य प्रवन्धमा सहज हुने गरी जिल्लामा तय गरिएका होटहलहरू मध्ये एउटा होटलको ६०% कभर भएपछि मात्रै अर्कोमा पठाउने गरी व्यवस्था मिलाउने।

२. विदेशबाट आई जिल्लाको होम क्वारेन्टिनमा रहेका मानिसहरूको PCR परीक्षण हुन सक्ने भएकोले सोको वार्ड स्तरमा लगत राखि विवरण खुल्ने प्रतिवेदन जिल्ला स्थित कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) भक्तपुरमा पठाउने।

३. स्थानीय तहहरूसँग समन्वय गरी क्वारेन्टाइनको संख्यामा बृद्धि गर्दै सोको जानकारी कोभिड-१९ संकट व्यवस्थापन केन्द्र छाउनी र जिल्ला स्थित होल्डिङ्ग सेन्टरमा उपलब्ध गराउने।

४. जिल्ला स्थित सार्वजनिक सेवा प्रदायक सरकारी कार्यालय, उद्योग तथा पसलहरूमा सेवाप्रदायक र सेवाग्राहीले स्वास्थ्य प्रोटोकल पालना गरे नगरेको अनुगमन गर्न मिति २०७७।०३।१५ गतेको बैठकले कार्यदल गठन गरिसकेको हुँदा सोबाट नियमित अनुगमन गरी प्रतिवेदन पेश गर्ने।

५. भारत तथा अन्य मुलुकबाट आएका शंकास्पद व्यक्तिहरूको स्वाब संकलन गर्ने व्यवस्था मिलाउदै लैजाने।

६. कोभिड-१९ को जोखिम भयावह हुने अवस्था विद्यमान रहेकोले जनस्वास्थ्य र सुरक्षा मापदण्ड कडाई पूर्वक पालना गराउन मास्कको प्रयोग अनिवार्य गर्न गृ.म. च.नं. ४५४३ मिति २०७७।०३।२२ को निर्णय कार्यान्वयन सम्बन्धी पत्राचार बमोजिमको आदेश अनिवार्य रुपमा पालना गर्ने। यसै विषयमा स्थानीय तह र सुरक्षा निकायहरूले जनचेतना फैलाउने कार्यक्रम सञ्चालन गरी नागरिक सचेतनाको लागि जिल्ला प्रशासन कार्यालयबाट सूचना जारी गर्ने।

७. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले स्वीकृत गरेको **National Testing Guideline 2077** अनुसार कोभिड-१९ का संक्रमित अस्पताल र आइसोलेसन सेन्टरमा १४ दिन अनिवार्यरुपमा बसेपछि लक्षण नभएको पुष्टि पश्चात मात्र डिस्चार्जको प्रबन्ध मिलाउने।

८. च.नं. ६६६ मिति २०७७।०३।२२ गतेको गृह मन्त्रालयको सवारी पास व्यवस्थित गर्ने सम्बन्धमा प्राप्त निर्देशनहरू कडाइका साथ पालना गर्ने।

९. यस जिल्लामा कोभिड-१९ संक्रमण नियन्त्रण तथा रोकथाम गर्ने कार्यमा सहयोग पुर्याउनु भएकोमा जिल्ला समन्वय समिति र ४ वटै नगरपालिकालाई धन्यबाद ज्ञापन गर्ने।

१०.मध्यपुर थिमी नगरपालिकामा रहेको कोरियन मैत्री अस्पतालले कोभिड-१९ को परीक्षण गर्न नेपाल सरकारबाट स्वीकृत प्राप्त गरेको अवस्थामा सो प्राप्तिको लागि अनवरत पहल गर्नु हुने नगर प्रमुख लगायतको टिम र नगरपालिकालाई धन्याबाद ज्ञापन गर्ने।